# सम्पादकीय

नेपाल प्रज्ञा–प्रतिष्ठानको सामाजिक शास्त्र विभागद्वारा प्रकाशित समाज अन्वेषण विज्ञसमीक्षित अर्धवार्षिक जर्नलको छैटौँ अङ्क प्रकाशन गर्न पाउँदा हामीलाई खुसी लागेको छ। सामाजिक शास्त्रसम्बन्धी विभिन्न नयाँ अध्ययन, अनुसन्धान र विमर्शलाई निरन्तर प्रोत्साहन गर्दै आएको यो पत्रिकामा यसपटक पनि सामाजिक विज्ञानका विविध विषयका लेखहरू समाविष्ट छन्।

मानव समाज निरन्तर परिवर्तनशील छ। हामीले सामाजिक संरचना, मूल्यमान्यता, सांस्कृतिक अभ्यास, राजनीतिक चेतना र आर्थिक क्षेत्रमा भएको परिवर्तनलाई आत्मसात् गर्नुपर्छ। यस्तो परिवर्तित परिवेशमा नेपाली समाजका सबै तह, तप्का र वर्गका समुदाय लाभान्वित छन् ? समाज विज्ञानका क्षेत्रमा भएको परिवर्तन अपेक्षित हुन् या अपुग छन् ? यसको समीक्षा जरुरी छ। मानव जीवनसँग जोडिएका विविध पक्षको विकासले केकस्तो प्रभाव परेको छ ? यिनको अध्ययन विश्लेषण, तथ्यको परीक्षण र विवेकपूर्ण निष्कर्ष निकालेर अभिलेखन गर्नु सामाजिक दायित्व पनि हो। यस अङ्कमा समावेश गरिएका प्रत्येक लेखले यही दायित्वलाई पूरा गर्ने प्रयास गरेको छ। युवा अनुसन्धानकर्तादेखि अनुभवी विज्ञसम्मको योगदानले पत्रिका अझै समृद्ध बनेको छ। हामीले दिगो शान्ति, सामाजिक न्याय, समावेशी विकास र ज्ञान आर्जनको सवालमा उठ्ने नयाँ प्रश्नहरूको उत्तर खोज्ने प्रयासलाई प्राथमिकता दिएका छौँ।

समाज अन्वेषण जर्नल प्रकाशनको उद्देश्य अनुसन्धानकर्तालाई प्रोत्साहन गर्नु मात्र नभएर समाजशास्त्र सम्बन्धित विभिन्न विषयका विज्ञ, अनुसन्धानकर्ता, शिक्षक/प्राध्यापक र देशको नीतिनिर्माताबिच संवादको सेतु निर्माण गर्नु पनि हो। समाज विज्ञानमा रुचि राख्ने अध्येता/अनुसन्धातामा नयाँ सोच, आलोचनात्मक दृष्टि तथा अनुसन्धानप्रति थप जिम्मेवार बन्न सहयोग पुऱ्याउनु हो।

यस अङ्कका लागि विभागले सार्वजनिक सूचना प्रकाशन गरेर मानवशास्त्र, भूगोल, रसायनशास्त्र, जीवविज्ञान, खगोलविज्ञान, चिकित्साविज्ञान, गृहविज्ञान, मनोविज्ञान, जनस्वास्थ्य, जनसङ्ख्या, ग्रामीण विकास, पाठ्यक्रम अध्ययन, इन्जिनियरिङ आदि क्षेत्रहरूका अनुसन्धानात्मक लेख पठाउन आवाहन गरेको थियो। प्राप्त भएका लेखहरू अध्ययन गरी विषय विज्ञहरूबाट विज्ञासमीक्षित गराएर टिप्पणीअनुसार लेखकबाट सुधार गराई प्रकाशनयोग्य भएका बिस ओटा लेखहरू यस अङ्कमा समावेश गरिएको छ। यी लेखहरूले साहित्यमा अभिव्यक्त नेपाली र सांस्कृतिक ज्ञानको स्वरूप, समावेशी, समानुपातिक अधिकारको सुनिश्चितता तथा वैज्ञानिक सोचको आवश्यकता प्रभावकारी ढङ्गले प्रतिबिम्बित गरेका छन्।

प्रकाशित भइसकेका अन्य अङ्कहरूजस्तै यो अङ्क पनि विषयगत विविधता र समावेशी बनाउने तथा लेखहरूको सामग्री व्यवस्थापनमा एकरूपता गर्ने प्रयास गरिएको छ। बहुआयामिक नेपाली समाजको अध्ययनअनुसन्धानमा रुचि राख्ने पाठक तथा अध्येताहरूका लागि यो जर्नलका लेखहरू महत्त्वपूर्ण सन्दर्भसामग्री हुने विश्वास लिइएको छ। यद्यपि यस जर्नलमा समावेश गरिएका लेखहरूमा व्यक्त विचार तथा सन्दर्भसामग्रीका सम्बन्धमा लेखकहरू स्वयम् जिम्मेवार रहनुहुनेछ।

यो अङ्क तयार पार्न सहयोग गर्ने सम्पूर्ण लेखक, विज्ञ समीक्षक, कार्यकारी सम्पादक, सम्पादन मण्डल र प्रकाशनमा संलग्न कर्मचारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी संस्करणहरू अझ सशक्त सामग्रीसहित निरन्तर प्रकाशन हुने नै छन्।

प्रधान सम्पादक